# चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

पत्र संख्याः ०७८/७९
चलानी नम्बर

मिति : २०७८/०६/२४ गते

**स्वरोजगार तथा उद्यम प्रवर्द्धन कार्यक्रमको प्रस्ताव आह्वानको सूचना !**

यस चौतारा साँगाचोकगढी नगरपालिकाको आ.व. ०७८/०७९ को लागि स्वीकृत भएको स्वरोजगार सम्बन्धी कार्यक्रम कार्यान्वयनको लागि नेपाल बैंक लिमिटेड र यस चौतारा साँगाचोकगढी नगरपालिका बीच भएको द्धीपक्षीय सम्झौता अनुसार २ प्रतिशत व्याजमा यस नगरपालिका क्षेत्र भित्रका व्यवसायिक कृषि तथा पशुपंक्षी सम्बन्धी कार्यक्रम, विदेशबाट फर्केका युवा लक्षित कार्यक्रम, महिला उद्यमशिल कार्यक्रम र दलित समुदायको सीपमा आधारित व्यवसायिक कर्जा कार्यक्रम उद्यमशील बन्न चाहने व्यक्ति तथा फर्मले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**कार्यक्रम र कार्ययोजनाको विस्तृत विवरण :**

१. चौतारा साँगाचोकगढी नगरपालिकाको “स्वरोजगार तथा उद्यम प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०७७” को अनुसूची १ मा तोकिए बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।
२. व्यवसायिक कार्ययोजनाको ढाँचा यस चौतारा साँगाचोकगढी नगरपालिकाको “स्वरोजगार तथा उद्यम प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०७७” को अनुसूची २ मा तोकिए बमोजिमको ढाँचामा हुनुपर्नेछ ।
३. सम्बन्धित वडाको सिफारिस ।
४. व्यवसाय दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।
५. स्थायी लेखा नं. प्राप्त गरी यस नगरपालिकामा दर्ता भएको व्यवसाय हुनुपर्नेछ ।
६. नागरिकता प्रमाण पत्र प्रतिलिपि ।
७. धितो राख्ने जग्गाको जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि ।
८. वडाबाट चार किल्ला प्रमाणित (ऋण स्वीकृत भएपछि पेश गर्नुपर्ने ।)
९. विदेशबाट फर्केको व्यक्तिहरूको हकमा बैदशिक रोजगार विभागको पत्र र कम्तीमा ६ महिना विदेशमा बसोबास गरेको र स्वदेश फर्केको २ वर्ष ननाघेको हुनुपर्नेछ ।
१०. गत आ.व. हरूमा दर्ता हुने हरूका हकमा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
११. अन्यत्रबाट आएर बसोबास गरेको भए बसाई सराई को प्रमाण पत्रको प्रतिलिपि ।

प्रमुख प्रशासकीय अधिकृत
चौतारा साँगाचोकगढी नगरपालिका